# खिजीदेम्वा गाउँपालिका

## खिजीफलाटे, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**भाग:२ खण्ड:५ संख्या:१२ मिति:२०८०/१२/१२**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**खण्ड ४ संख्या १ स्थानीय राजपत्रमा प्रकाशित मिति: २०७७।०६।२५**

# आर्थियक सहायता कार्यविधि, २०७७ (प्रथम संशोधन २०८०)

**प्रस्तावनाः** खिजीदेम्बा गाउँपालिकाबाट गर्नुपर्ने आर्थिक सहायता वितरण सम्बन्धी कार्यलाई नियमित, व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा न्यायपुर्ण बनाउने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकाले, खिजीदेम्बा गाउँपालिकाले खिजीदेम्बाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७७ बनाई लागू गरेको छ।
आर्थियक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७७
गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०६।१३,

प्रमाणिकरण मितिः २०७७।०६।१६
प्रथम पटक संशोधन मितिः २०८०।१०।२६

**परिच्छेद-१**

**प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम आर्थिक सहायता कार्यविधि,२०७७ रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले खिजीदेम्बा गाउँपालिका सम्झनुपर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले खिजीदेम्वा गाउँकार्यपालिका सम्झनुपर्दछ।

(ग) "सभा" भन्नाले यस गाउँ पालिकाको गाउँ सभा सम्झनुपर्दछ।

(घ) "अध्यक्ष" भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(छ) "वडा अध्यक्ष"* भन्नाले खिजीदेम्बा गाउँपालिका भित्रको वडाका वडा अध्यक्ष सम्झनुपर्दछ।

---

* प्रथम संशोधनबाट थप गरिएको

(ज) “न्यायिक समिति”* भन्नाले खिजीदेम्बा गाउँपालिकाको न्यायिक समिति सम्झनुपर्दछ।

(झ) “वडा समिति” भन्नाले खिजीदेम्बा गाउँपालिका भित्रको वडा समिति सम्झनुपर्दछ।

(ञ) “वडा कार्यालय”* भन्नाले खिजीदेम्बा गाउँपालिका भित्रको वडा कार्यालय सम्झनुपर्दछ।

(ट) “आर्थिक सहायता” भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्दछ।

(ठ) “बेसाहारा”* भन्नाले संरक्षण विहिन व्यक्ति सम्झनु पर्दछ।

(ड) “अर्थिक सहायता पाउन योग्य व्यक्ति”* भन्नाले मानसिक सन्तुलन गुमाएका आर्थिक रूपमा विपन्न नागरिकहरू, घरेलु हिंसा, यौनहिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरू, जोखिमपूर्ण श्रममा संलग्न भएका, हराएका, बेवारिसे अवस्थामा फेला परेका, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, गम्भिर दुर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कसूरसँग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका, बेचविखन ओसारपसारमा परेका, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट बञ्चित, अपांगता, सुस्त मनस्थिति भएका, अपहरण वा शरीर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भि. एड्सबाट संक्रमित बालबालिका, बेसाहारा बृद्ध बृद्धा, दैविक प्राकृतिक प्रकोप वा मानवीय कारणबाट जिउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएकालाई सम्झनुपर्दछ।

(ड[१]) क्यान्सर, मुटु, मृगौला, कलेजो, हेड इन्ज्युरी, स्पाइनल कर्ड इन्ज्युरी जस्ता गम्भिर र घातक प्रकृतिका रोग लागेका तथा पाठेघर खस्ने समस्या (Uterine Prolapse) भई अप्रेसन गर्नुपर्ने महिलाहरूका लागि दफा-११ मा तोकिए बमोजिमको सहायता उपलब्ध गराइनेछ।

(ढ) “तोकिए बमोजिम” भन्नाले यस कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्दछ।*

## परिच्छेद-२
## आर्थिक सहायता मापदण्ड

**३. उपचार सहायताः** * (१) आर्थिक सहायता पाउन योग्य दीर्घ तथा घातक रोग (क्यान्सर, मृगौला, मुटु, कलेजो, पाठेघर खस्ने समस्या (Uterine Prolapse) को अप्रेसन, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी) तथा मानसिक सन्तुलन गुमाएका व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि सम्बन्धित वडाको सिफारिस र आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको उपचार सहायता तोकिए बमोजिम हुनेछ।*

**स्पष्टीकरणः** "कागजात" भन्नाले अस्पतालको रोग पहिचान गरिएको सिफारिस लगायतका कागजात बुझ्नुपर्दछ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः** * (१) घरेलु हिंसा, यौन, हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरूका लागि रू. १०,०००।– (दश हजार)सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। स्थानीय मेलमिलाप तथा न्यायिक समितिको सिफारिस अनुसार रकम प्रदान गरिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**५. आर्थिक रूपले विपन्न र पीडित बालबालिकालाई सहायताः** * (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएका, हराएका वा बेवारिसे अवस्थामा फेला परेका, ऋणको कारणले बन्धकमा परेका वा जबरजस्ती श्रमबाट पीडित भएका, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित दुर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कसूरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेका, यौन शोषण, दुर्व्यवहार, बेचविखन, ओसारपसारमा परेका, हिंसा पीडित बाबु आमा वा संरक्षकबाट बञ्चित, अपांगता भएका, सुस्त मनस्थिति भएका, अपहरण वा शरीर बन्धकमा परेका, सडक बालबालिका, एच. आई.भि. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी उपचार वा पालनपोषणका लागि रू. १०,०००।– (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ; जसका लागि अवस्था वा घटना पुष्टि हुने कागजात आवश्यक हुनेछ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणका लागि आमाघर, बाल उद्धार गृह एवं सामुदायिक तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषको व्यवस्था गर्न सकिनेछ।

**६. मानसिक रोगीलाई सहायताः** * (१) अति विपन्न तथा विपन्न परिवारको आय आर्जन गर्ने सदस्यले मानसिक सन्तुलन गुमाएमा सो को उपचारार्थ एवं यातायात खर्च वापत रू. १०,०००।-(दश हजार) सम्म दिन सकिनेछ।

---

* प्रथम संशोधनबाट थप गरिएको

* प्रथम संशोधनबाट थप गरिएको

सो का लागि अति विपन्न तथा विपन्न भनी प्रमाणित एवं अस्पतालमा उपचार गराए वापतको कागजात पेश गर्नुपर्नेछ।

(२) अंगभंग हुने गरी भैपरी दुर्घटना तथा सवारी दुर्घटनामा परेका अति विपन्न तथा विपन्न परिवारमा कुनै पनि आकस्मिक दुर्घटना भई घाइते भएमा उपचारको लागि जनही रू. १०,०००।- (दश हजार) सम्म दिन सकिनेछ।

७. **भैपरी वा आकस्मिक घटना आर्थिक सहायताः***(१) न्यूनीकरणका उपायहरू अपनाउँदा अपनाउँदै संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै सम्बन्धित वडाका जनप्रतिनिधिहरूको रोहवरमा तयार गरिएको स्थलगत मुचुल्का सहित वडा कार्यालयको सिफारिसमा तपसिल अनुसारको शिर्षकमा आर्थिक सहायता प्रदान गरिनेछ।

| कारण | आर्थिक सहायता | |
|---|---|---|
| दुर्घटना (अगलागी, करेन्ट, साधन र औजार) बाट मृत्यू | पोष्टमार्टमका लागि रु.१५,०००।- | |
| रूख, खोलानाला, भीर पहिरो, आदिबाट मृत्यू | | |
| बेवारिसे लाश व्यवस्थापन (बाहिरबाट आएको वा गाउँपालिकाभित्र ) | | |
| गाउँपालिका भित्रको ठेगाना खुलेका व्यक्ति बाहिर गएर मृत्यू भएका | | |
| गाउँपालिकामा स्थायी बासिन्दा वैदेशिक रोजगारका क्रममा मृत्यू भएको) | | |
| जनावरको आक्रमणबाट मृत्यू भएमा | | |
| पोष्ट मार्टम गर्नुपर्ने प्रकृतिका अन्य घटना भई मृत्यू भएमा | | |
| बाढी पहिरो तथा आगलागी भई घर क्षति भएमा (प्रति घरपरिवार) | २०,००० | पूर्ण |
| | १०,००० | आंशिक |
| बाढी पहिरो तथा आगलागी, चट्याङ, करेन्ट आदिबाट पशु चौपाया क्षति भएमा प्रति घर | ५,००० देखि १०,००० | |

(२) यस कार्यविधि अनुसार उपलब्ध हुने आर्थिक सहायता दफा २ को (ड) अनुसारको एक पटक र दफा ८ (१) अनुसार एक आ.व. मा एक पटक मात्र उपलब्ध गराउन सकिनेछ।

८. यस कार्यविधिमा उल्लेख भएभन्दा फरक परिस्थिति वा घटना हुन गएमा गाउँ कार्यपालिकाबाट आकस्मिक निर्णय गरी आर्थिक सहायता उपलब्ध गराउन बाधा पर्ने छैन।

## परिच्छेद-३
## आर्थिक सहायता वितरण प्रकृया

९. **आर्थिक सहायता वितरण प्रक्रियाः** (१) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग, समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) आर्थिक सहायता र सो को प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) रू. ५,०००।- (पाँच हजार रूपैयाँ) सम्मको आर्थिक सहायता सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षसँगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ।♦

(ख) रू.२०,०००।- (बीस हजार रुपैयाँ) सम्मको आर्थिक सहायता गाउँपालिकाको प्रमुखले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउन सक्नेछ।

(ग) रू.२०,००१।– (बीस हजार रुपैयाँ ) भन्दा माथि रु.१ लाख सम्मको आर्थिक सहायताको लागि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ।

स्पष्टीकरणः दफा-२ को (ड१) मा उल्लेख भएका रोगीहरूलाई यातायात खर्च वापत उपलब्ध गराइने रकम विपन्नता र रोगको गम्भिरताका आधारमा रू. ५ हजार देखि २० हजार सम्म प्रदान गरिनेछ।

१०. आर्थिक सहायता माग गर्दा कानून विपरित झुठा विवरण पेश गरी आर्थिक सहायता लिएमा निवेदक स्वयं जवाफदेही हुनुपर्नेछ।

११. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) यस गाउँ कार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको खर्चको विवरण एकमुष्ट प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले अभिलेखिकरण गरी राख्नुपर्नेछ।

१२. **प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्नेः** यस गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सहायता प्राप्त गर्ने व्यक्तिले सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजात गाउँ कार्यपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नपर्नेछ।

१३. **स्थलगत अनुगमन समितिः** यस गाउँपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँ कार्यपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारी –संयोजक

(ख) आर्थिक सहाया प्रदान गरिएको विषयसँग सम्बन्धित क्षेत्र हेर्ने संयोजक –सदस्य

(ग) प्रशासन शाखाको प्रमुख –सदस्य

---

♦ प्रथम संशोधनबाट संशोधित

(घ) आर्थिक प्रशासन शाखाको प्रमुख –सदस्य

(ङ) सम्बन्धित वडाको वडा अध्यक्षा वा निजले तोकेको एकजना १ जना –सदस्य

## परिच्छेद-४
## विविध

१४. **निवेदनको ढाँचाः*** दफा ३,४,५,७ र ८ अनुसार आर्थिक सहायता पाउन सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

१५. **अधिकार प्रत्यायोजन गर्न सकिनेः***यस कार्यविधि बमोजिमको आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँकार्यपालिकाले गाउँपालिका अध्यक्षसँग समन्वय गर्नेगरी प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

१६. **आर्थिक सहायता कोषः** यस कार्यविधि बमोजिम आर्थिक सहायता दिने प्रयोजनार्थ सभाद्वारा बजेट विनियोजन गरी खर्च गर्न सकिनेछ।

१७. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** यस अघि गाउँपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१८. **कार्यविधिको ब्याख्या संसोधन तथा अनुसूची थपघटः** यस कार्यविधिको आवश्यक व्याख्या, संसोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ।

---
* प्रथम संशोधनबाट थप गरिएको

## अनुसूची -१ (व्यक्तिको हकमा)

मितिः

श्री अध्यक्ष ज्यू
खिजीदेम्वा गाउँपालिका,
गाउँ कायर्पालिकाको कार्यालय,
खिजीफलाटे, ओखलढुंगा ।

**विषयः आर्थिक सहायता उपलब्ध गराई पाऊँ ।**

महोदय,

प्रस्तुत विषयमा ....................स्थायी ठेगाना भएको मलाई....................गर्नुपर्ने भएकाले सोका लागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले..................का लागि रु........।(अक्षरेपी रु...........................) उपलब्ध गराइ दिनुहुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु । साथै मेरो यस गाउँपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फर्छयौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही सजाय वा जरिवाना सहन, भग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय
दस्तखतः
नामथ, थरः
स्थायी ठेगानाः
सम्पर्क नं.
तपशिलः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान
२. संगठित संस्थाको हकमा दर्ता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

**अनुसुची १ (क)**
**संगठित संस्थाको हकमा**

मितिः

श्री अध्यक्ष ज्यू ,
खिजीदेम्वा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खिजीफलाटे, ओखलढुंगा ।

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा ....................ठेगाना रहेको ................संस्था/ समूह/ संघलाई ..................... गर्नुपर्ने भएकाले संस्था समूह संघबाट विनियोजित रकम अपुग भएकाले सो प्रयोजनका लागि रु...... रु........।- (अक्षरेपी रु............................) उपलब्ध गराई दिनुहुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ ।यस संस्थाको यस गाउँपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फर्छयौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

**संगठित संस्थाको तर्फबाट**

अध्यक्ष वा प्रमुखको नाम, थरः
संस्थाको ठेगानाः
सम्पर्क नं.
तपशिलः

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान
५. संगठित संस्थाको हकमा दर्ता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

अनुसूची २
(वुँदा नं.५ सँग सम्बन्धित)
प्रतिवेदनको ढाँचा

| क्र.सं. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम, थर | ठेगाना | सम्पर्क नं. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको प्रमुख व्यक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**आज्ञाले**
**रमेश सुनुवार**
**प्रमुख प्रशासकीय अधिकृत**